# लघु अनुसन्धान कार्यविधि - २०८०

पिण्डेश्वर विद्यापीठ, धरानमा वि.सं. २०७८ मा स्थापित अनुसन्धान व्यवस्थापन एकाइको उद्देश्यअन्तर्गत लघु अनुसन्धान कार्यक्रम सञ्चालन गर्नु पनि रहेको छ । अपेक्षाकृत साना अनुसन्धान परियोजनाहरूलाई प्रोत्साहन गर्नु यस कार्यक्रमको प्रमुख उद्देश्य हो । अनुसन्धाताहरूमा अनुसन्धान क्षमताको अभिवृद्धि गरी नवीनतम ज्ञानलाई उजागर गर्न सहयोग पुऱ्याउनु यसको लक्ष्य रहेको छ ।

पिण्डेश्वर विद्यापीठ, अनुसन्धान व्यवस्थापन एकाइले आ.व.२०८०/८१ का लागि स्वीकृत गरेको लघु अनुसन्धान कार्यविधि यस प्रकारको रहेको छ ः

१. आ.व. २०८०/८१ का लागि प्रतिस्पर्धाका आधारमा ५ वटा लघु अनुसन्धान प्रस्तावहरू स्वीकृत गरिनेछन्। एउटै विषय र विधाका दुईभन्दा बढी प्रस्ताव स्वीकृत गरिने छैन ।

२. पिण्डेश्वर विद्यापीठका पूर्णकालीन प्राध्यापक एवम् कर्मचारीहरूले प्रस्ताव पेस गर्न सक्नेछन् ।

३. पिण्डेश्वर विद्यापीठ अनुसन्धान व्यवस्थापन एकाइअन्तर्गत गठित लघु अनुसन्धान छनोट समितिका सदस्यहरूले प्रस्ताव पेस गर्न पाउने छैनन्।

४. विद्यापीठको वेभसाइड www.pindeshwar.edu.np मा अपलोड गरिएको फाराम भरी रितपूर्वक लघुअनुसन्धान प्रस्ताव पेस गर्नुपर्ने छ ।

५. दुईप्रति अनुसन्धान प्रस्तावका साथ निवेदन, फोटो १ प्रति, बायोडाटा, नागरिकताको प्रतिलिपि एवम् नियुक्तिपत्रको प्रतिलिपि उपलब्ध गराउनुपर्ने छ ।

६. प्रस्तावका साथ अनुसन्धानमूलक जर्नल (ISSN प्राप्त) मा प्रकाशित २ वटा लेखहरू पेस गर्नुपर्ने छ ।

७. प्रस्तावका साथ पिण्डेश्वर क्याम्पस अनुसन्धान व्यवस्थापन एकाइ/PINDESHWAR CAMPUS RESEARCH MANAGEMENT CELL को नाममा रा.वा.बैक धरानको च.हि.नं २१६०१००००७०३२००१ मा रू. ५००।- जम्मा गरेको सक्कल बैंक भौचर पेस गर्नुपर्ने छ ।

८. अनुसन्धान प्रस्तावको भित्री पृष्ठहरूमा प्रस्तावक चिनिने कुनै सङ्केत राख्न पाइने छैन ।

९. प्राप्त भएका लघु अनुसन्धान प्रस्तावहरु यस एकाइको रोस्टरमा नाम उल्लेख भएका विषयविज्ञबाट मूल्याङ्कन गराइने छ ।

१०. लघु अनुसन्धान प्रस्तावलाई १०० पूर्णाङ्कमा मूल्याङ्कन गरिनेछ । प्रस्तावको प्रारम्भिक मूल्याङ्कनमा कम्तीमा ५० अङ्क ल्याई प्रस्तावक उत्तीर्ण भएमा प्रस्तुतीकरणमा उपस्थित हुनुपर्ने छ र यसमा पनि सफल भएपछि मात्र लघुअनुसन्धान स्वीकृत भएको मानिने छ ।

११. लघु अनुसन्धान प्रस्तावको मूल्याङ्कन गर्दा अनुसन्धेय विषयको सान्दर्भिकता, समस्या कथन र उद्देश्यबीच पारस्परिक सम्बन्ध, साङ्घटनिक एकता, पूर्वकार्यको समीक्षा, शोधविधिको उपयुक्तता आदि क्षेत्रलाई विशेष ख्याल गरिने छ ।

१२. अङ्कविभाजन :

लघु अनुसन्धान प्रस्तावको मूल्याङ्कन गर्दा तल प्रस्तुत तालिकामा तोकिएको ढाँचालाई अवलम्ब गरिने छ । विषयविज्ञले प्रस्ताव मूल्याङ्कन गर्दा ५० प्रतिशतभन्दा कम र ८० प्रतिशतभन्दा बढी अङ्क दिनु परेमा स्पष्ट कारण खुलाउनुपर्ने छ ।

१३. लघु अनुसन्धान प्रस्ताव स्वीकृत भएपछि यस व्यवस्थापन एकाइ र अनुसन्धाताबीच सम्झौता पत्रमा हस्ताक्षर हुने छ । यसपछि अनुसन्धानको समय सुरु भएको मानिने छ ।

१४. लघु अनुसन्धानको जम्मा समयावधि ६ महिनाको हुने छ ।

१५. अनुसन्धान लेखन पूरा गरी शोधप्रतिवेदन पेस गरेपछि एकाइले विषयविज्ञबाट परीक्षण गराउने छ । परीक्षणका क्रममा अनुसन्धानले नयाँ ज्ञानका लागि दिएको योगदान, उद्देश्यको स्पष्टता, अनुसन्धान विधिको प्रयोग, अनुसन्धानमूलक भाषिक प्रयोग, अनुसन्धानको साङ्घटनिक संयोजन, क्रमबद्धता, विश्लेषणात्मक दृष्टि, भाषाशैली आदि पक्षलाई ख्याल गरिने छ । अन्तिममा प्रस्तुतीकरणसहित वाक्परीक्षा गराइने छ र विज्ञहरूको सुझावअनुसार अनुसन्धाताले संशोधन गरी अनुसन्धान प्रतिवेदन बुझाएपछि मात्र एकाइले अनुसन्धातालाई प्रमाणपत्र प्रदान गर्ने छ।

१६. अनुसन्धान गर्ने अनुसन्धातालाई यस एकाइले आर्थिक सहयोग गर्ने छैन ।

१७. लघुअनुसन्धान प्रस्ताव सूचना प्रकाशित भएको ३५ दिनभित्रमा उपलब्ध गराइसक्नुपर्ने छ ।

१८. अनुसन्धान प्रस्तावको दुईप्रति Hard copy पेस गर्नुपर्ने छ र Soft copy यस व्यवस्थापन एकाइको मेल ठेगाना researchpindeshwar@gmail.com मा पठाउनु पर्नेछ ।

१९. RMC संयोजकको अध्यक्षतामा तीन सदस्यीय छनोट उपसमिति गठन हुनेछ, जसले लघु अनुसन्धान प्रस्ताव छनोटको नतिजा प्रकाशन गर्ने छ साथै यसै समितिले बाह्य विशेषज्ञमार्फत अनुसन्धान प्रतिवेदन मूल्याङ्कन गराई अन्तिम वाक्परीक्षा एवम् प्रस्तुतीकरणपश्चात् अनुसन्धातालाई प्रमाणपत्र प्रदान गर्नेछ ।

२०. कुनै विवाद आएमा छनोट समितिको निर्णय अन्तिम हुने छ ।

२१. लघु अनुसन्धान प्रतिवेदन निम्नानुसारको ढाँचामा पेस गर्नुपर्ने छ :

## Mini Research Checklist

१. अनुसन्धान प्रस्ताव A4 paper size मा 1 inch all sides margin मा Double Space Line मा टाइप गरिएको १५ देखि २० पृष्ठसम्मको हुनुपर्नेछ । अनुसन्धान प्रस्ताव Times New Roman (12 pt) वा Preeti (15 pt) font मा हुनुपर्ने छ ।

२. अनुसन्धान प्रस्तावको ढाँचा निम्नबमोजिमको हुनुपर्ने छ -

i) Title (शीर्षक)

ii) Abstract (सार)

iii) Background/ Problem (पृष्ठभूमि र समस्या)

iv) Research Objectives (अनुसन्धानको उद्देश्य)

v) Hypothesis (if any) (प्राक्कल्पना)

vi) Literature Review and Research Gap (पूर्वकार्य समीक्षा र शोध अन्तराल)

x) Design / Methodology (अनुसन्धान ढाँचा तथा विधि)

ix) Limitations and Delimitations (सीमा, परिसीमा)

xii) Ethical/Safety Issues (अनुसन्धान आचार)

vi) Theoretical Aspect (सैद्धान्तिक पक्ष)

xi) Expected Outcome (अपेक्षित उपलब्धि)

xiii) Organization of the Final Report (प्रतिवेदनको रूपरेखा)

xiv) References/Works Cited (सन्दर्भसामग्री)

# नेपाल संस्कृत विश्वविद्यालय

## पिण्डेश्वर विद्यापीठ, अनुसन्धान व्यवस्थापन एकाइ, धरान

### लघु अनुसन्धान आवेदन फाराम

१. अनुसन्धाताको नाम ........................................................................

२. स्थायी ठेगाना ........................................................................

३.पद ..................................

४. कार्यरत संस्था ........................................................................................

५. विभाग .......................................................

६. शिक्षण अनुभव ................वर्ष .................... महिना

७. शैक्षिक योग्यता ..........................................

८. प्राध्यापन गर्ने विषयi) ........................................ ii) ..................................

१०. विद्यावारिधि भएमा शोध शीर्षक

..............................................................................................................................

११. अनुसन्धानमूलक लेखहरू

| सि.नं. | लेखको शीर्षक | जर्नलको नाम | प्रकाशक | प्रकाशन वर्ष | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |

नाम : ............................................................

हस्ताक्षर: ...............................................

मिति: .........................

सम्पर्क नं...............................................................

इमेल ठेगाना ......................................................................

♣

अनुसूची १

# Research Article Checklist

**1. Parts**

- Title (4 to 12 words)
- Abstract (150-250 words)
- Keywords (3-5 terms)
- Introduction: including background, problem, and objectives (700-1000 words)
- Review of Literature: minimum 5 sources (500-1000 words)
- Methodology (300-500 words)
- Results and Discussion
  - ➢ Results/Findings (500-1000 words)
  - ➢ Discussion (1000-1250 words)
  - ➢ Conclusion (200-300 words)
- Recommendations/Implication (optional)
- Acknowledgements (optional)
- References (10 or more)
- Appendices (optional)

**2. Style/Format: APA 7th edition or MLA 8th edition**

**3. Language: English, Nepali or Sanskrit**

**4. Font: Times New Roman, Preeti or Nepali Unicode**

**5. Total Words: 4000-5000**

**6. Publication Process:**

- ❖ Submission of draft of research article
- ❖ Review by the Board of Editors
- ❖ Return to the author for improvement
- ❖ Submission with improvement
- ❖ Peer review
- ❖ Return to the author for final improvement
- ❖ Final submission
- ❖ Acceptance or Rejection
- ❖ Publication of accepted articles

**7. Other Considerations:**

- ✓ **Contribution to the New Knowledge:** Does the research article contribute to the new knowledge in local and/or global context?
- ✓ **Abstract:** Does it answer what, why and how?
- ✓ **Keywords:** Are they in the abstract? Are these the terms that have universal definition?
- ✓ **Clarity:** Are the thesis and objectives clearly stated?
- ✓ **Review of Literature:** Is the theoretical and/or empirical literature mentioned relevant and sufficient?
- ✓ **Methodology:** Is the methodology clearly explained?
- ✓ **Title:** Is the title appropriate?
- ✓ **Organization:** Does the article have clear organization in terms of coherence and cohesion?
- ✓ **Introduction:** Does the Introduction contain hook, definition, general statement, objective, limitation and thesis statement?
- ✓ **Conclusion:** Does the Conclusion contain thesis, findings, limitations and areas for further research?
- ✓ **Language:** Does the article maintain academic language?
- ✓ **References:** Are the references enough and cited and listed correctly using the style of APA 7th edition or MLA 8th edition?

अनुसूची १

## अनुसन्धान लेख चेकलिस्ट ( नेपाली भाषामा सूची)

**१. शीर्षक**

- शीर्षक : उपयुक्त ४ देखि १२ शब्दसम्म
- सार : १५०-२५० शब्द
- शब्दकुञ्जी : ३-५ शब्द वा शब्दांश
- परिचय (पृष्ठभूमि, समस्या कथन र उद्देश्य लगायत) : ५०० देखि १००० शब्द
- पूर्वकार्यको समीक्षा (जसलाई परिचय खण्डमा पनि राख्न सकिने) : न्यूनतम ५ वटा स्रोतहरू : ५०० देखि १००० शब्द
- विधि : ३००-५०० शब्द
- परिणाम र छलफल
  - ➢ परिणाम/प्राप्ति : ५००-१००० शब्द
  - ➢ छलफल : १००० - १२५० शब्द
  - ➢ निष्कर्ष: २००-३०० शब्द
- सिफारिस//प्रयुक्तता : (वैकल्पिक)
- स्वीकृति/आभार व्यक्त : (वैकल्पिक)
- सन्दर्भसामाग्री : १० वटा वा बढी
- परिशिष्ट : (वैकल्पिक)

**२. शैली/ढाँचा :** ए.पि.ए सातौं संस्करण वा एम.एल.ए आठौं संस्करण

**३. भाषा :** अंग्रेजी, नेपाली वा संस्कृत

**४. फन्ट/अक्षर:** Times New Roman, Preeti or Nepali Unicode

**५. जम्मा शब्दहरू** : ४००० देखि ५००० सम्म

**६. प्रकाशन प्रक्रिया :**

- ❖ लेखको मस्यौदा सब्मिसन/पेस
- ❖ बोर्ड अफ एडिटरहरूद्वारा पर्यालोचना/समीक्षा
- ❖ सुधार हेतु लेखकलाई फिर्ता
- ❖ सुधारसहित पेस
- ❖ विज्ञहरूबाट समीक्षा
- ❖ अन्तिम सुधार हेतु लेखकलाई फिर्ता
- ❖ अन्तिम सब्मिसन/पेस
- ❖ स्वीकृति वा अस्वीकार
- ❖ स्वीकृत लेखहरूको प्रकाशन

**७. विचारणीय अन्य कुराहरू :**

- ✓ **नयाँ ज्ञानका लागि योगदान :** लेखले स्थानिक वा वैश्विक सन्दर्भमा नयाँ ज्ञानका लागि योगदान दिन्छ ?
- ✓ **लेख सार :** यसले के/कस्तो, किन र कसरी भन्ने उत्तर दिन्छ ?
- ✓ **शब्दकुञ्जी :** ती लेख सारमा रहेका छन् ? के ती शब्दावलीहरू विश्वव्यापी रूपमा परिभाषित छन् ?
- ✓ **स्पष्टता :** शोध प्रबन्ध र उद्देश्यहरू स्पष्टसँग उल्लेख छन् ?
- ✓ **पूर्वकार्यको समीक्षा :** के उल्लेखित सैद्धान्तिक र अनुभवजन्य पूर्वकार्यका समीक्षा सान्दर्भिक तथा पर्याप्त छन् ?
- ✓ **विधि :** के अध्ययन विधि स्पष्टसँग व्याख्या गरिएको छ ?
- ✓ **शीर्षक :** के दिइएको शीर्षक उपयुक्त छ ?
- ✓ **सुसंगठन :** के लेख सुसंगतता र एकताका आधारमा स्पष्टरुपमा सुसंगठित छ ?
- ✓ **परिचय** : परिचय खण्डमा अंकुश, परिभाषा, सामान्य कथन, उद्देश्य, सीमा तथा थेसिस कथन समावेश छन् ?
- ✓ **निष्कर्ष :** निष्कर्षमा थेसिस, उपलब्धि, सीमा र अरू अध्ययनका लागि क्षेत्र समावेश छन् ?
- ✓ **भाषा** : लेखले प्राज्ञिक भाषालाई कायम राख्न सकेको छ ?
- ✓ **सन्दर्भसामाग्रीहरू :** के सन्दर्भसामाग्रीहरू पर्याप्त मात्रामा उद्धृत तथा ए.पि.ए. सातौं संस्करण र एम.एल.ए. आठौं संस्करण अनुसार सूचीबद्ध गरिएका छन् ?

नेपाल संस्कृत विश्वविद्यालय
पिण्डेश्वर विद्यापीठ, अनुसन्धान व्यवस्थापन एकाइ
धरान-१४, सुनसरी, प्रदेश एक

**छनोट समिति**

लघु अनुसन्धान प्रस्ताव मूल्याङ्कन तालिका

अनुसन्धाताको नाम/कोड नं............................................................................

शीर्षक.......................................................................................................

विषय..........................................  विभाग...................................................

| क्र.सं. | विषय | व्याख्यान | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १. | **शीर्षक** | शीर्षक विशिष्टीकृत, अनुसन्धेय र वैध छ ? | ५ | |
| २. | **पृष्ठभूमि/परिचय** | प्रस्तावले स्पष्ट र सान्दर्भिक रुपमा शोध विषयको उठान गरेको छ ? | ६ | |
| ३. | **समस्या पहिचान** | यसले सान्दर्भिक मुद्दाहरुलाई केन्द्रित गरेर अनुसन्धान प्रश्नलाई स्पष्ट रुपमा बताएको छ ? | ८ | |
| ४. | **अनुसन्धान उद्देश्यहरु** | यो अनुसन्धान प्रश्नसँग सम्बन्धित रही विषयसँग जोडिएको छ ? | ८ | |
| ५. | **सैद्धान्तिक अवधारणा** | यसले अवलम्बन गरेको सिद्धान्त, अवधारणा वा मान्यता स्पष्ट छ ? | ८ | |
| ६. | **पूर्वकार्य समीक्षा** | यसले पूर्वकार्य समीक्षाको उचित मापदण्ड, हालको प्रवृत्ति र शोध अन्तराललाई प्रष्ट पारेको छ ? | ८ | |
| ७. | **सामग्री र विधिहरु** | यसले सामग्री सङ्कलन, विश्लेषण र निष्कर्ष निष्पादनका विधिहरूको पालना गरेको छ ? | ८ | |
| ८. | **उपलब्धि/प्राप्ति** | यो ने.सं.वि.को कोर्स, समाज सुधार, समस्या समाधान, नीति निर्माण आदिका लागि उपयोगी छ ? | ८ | |
| ९. | **मौलिकता र नवीनता** | यसमा मौलिकता र नवीनता देखिएको छ ? | ८ | |
| १०. | **अनुसन्धान ढाँचा** | यसले ने.सं.वि. अनुसन्धान केन्द्रको नवीनतम ढाँचा वा APA 7th/ MLA 8th ed. लाई अवलम्बन गरेको छ ? | ५ | |
| ११. | **शोधपत्रको रूपरेखा** | प्रस्तावित शोधपत्रको रूपरेखा सान्दर्भिक र औचित्यपूर्ण छ ? | ३ | |
| | | **कुल अङ्क** | **७५** | |
| १२. | **लेख मूल्याङ्कन** | माथि उल्लेख गरिएका क्र.सं. १-१० सम्मका मापनीय आधारमा अनुसन्धाताद्वारा बुझाइएका लेखहरू (दुई) उपयुक्त छन् ? | ५ | |
| | | **कुल अङ्क** | **८०** | |
| १३. | **प्रस्तुतीकरण** | माथि उल्लेख गरिएका क्र.सं. १-११ सम्मका विषयमा केन्द्रित भई १०-१५ वटा पावरप्वाइन्ट स्लाइडमार्फत स्पष्ट प्रस्तुतीकरण एवम् विज्ञबाट उठाइएका प्रश्नहरूको कुशलतापूर्वक जवाफ (समय-१५ मिनेट) | २० | विज्ञ - ८ / छनोट समिति-१२ |
| | | **जम्मा** | **१००** | |

विज्ञको सुझाव (केही भएमा) : ..................................................................................................................................................................
..................................................................................................................................................................

मिति :

..........................
विषयविज्ञ